नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
ई.पि.एस. कोरिया शाखा
ग्वार्को, ललितपुर ।

मितिः- २०८२/०७/२४

# सन् २०२५ को उत्पादनमूलक (Manufacturing) क्षेत्र तर्फको कोरियन भाषा परीक्षा (EPS-TOPIK 2025, UBT) संचालन सम्बन्धी अत्यन्त जरुरी सूचना !!!

मिति २०८२/०८/०१ गते तद्नुसार १७ नोभेम्बर, २०२५ देखि सञ्चालन हुने Manufacturing क्षेत्र तर्फको कोरियन भाषा परीक्षा (EPS TOPIK-2025) का लागि तपसिलमा उल्लेखित परीक्षार्थीहरुका लागि तपसिल बमोजिमको रोल नम्बर कायम भएको छ । यस सूचनामा उल्लेखित रोल नम्बर आधार मानी परीक्षार्थीहरुले निर्धारित मिति र समयमा Biometric verification को लागि दुई(२) घण्टा अगावै परीक्षा केन्द्र (UBT भवन, भैसेपाटी) मा उपस्थित हुनु पर्नेछ । निर्धारित मिति, सिफ्ट र समयमा आवश्यक कागजात (**सक्कल राहदानी र रंगीन प्रवेश पत्र**) सहित उपस्थित हुन नसकेमा निजलाई कुनैपनि अवस्थामा परीक्षामा सहभागी गराईने छैन । परीक्षामा सहभागी हुन चाहिने आवश्यक कागजात तथा जानकारी देहाय बमोजिम रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः-

- **परीक्षा सञ्चालन मितिः-** २०८२/०८/०१ गते (१७ नोभेम्बर, २०२५) सोमबार देखि
- परीक्षा सञ्चालन मिति भन्दा एक दिन अगावै आफ्नो सिफ्ट अनुसार ई.पि.एस. कोरिया शाखा, ग्वार्को, ललितपुरमा बायोमेट्रिक (Finger print) दर्ता (Registration) को लागि उपस्थित हुनुपर्नेछ र परीक्षाको दिन बायोमेट्रिक (Finger print) UBT-Building भैसेपाटीमा रुजु (Verify) हुनेछ ।
- **परीक्षा सञ्चालन हुने स्थानः-** राष्ट्रिय ब्यावसायिक प्रशिक्षण प्रतिष्ठान, भैसेपाटीको परिसरमा रहेको UBT-Hall ललितपुर ।
- Mobile phone, PDA, Electronic Dictionary, Smart Watch, लगायतका अन्य विधुतीय सञ्चारका साधनहरु र झोला परीक्षा हल भित्र पूर्णतः निषेध गरिएको छ ।
- परीक्षामा चिट, कपी र होहल्ला गरेको भेटिएमा परीक्षा रद्द गरी चार वर्ष सम्मका लागि परीक्षामा समावेश हुन निषेध गरिनेछ ।
- तोकिएको परीक्षा समय भन्दा एक (१) घण्टा अगावै Orientation हुनेछ । Orientation मा बायोमेट्रिक (Finger print) भेरिफिकेशन गरी उपस्थित हुनु पर्नेछ ।
- Agriculture & Livestocks क्षेत्रको परीक्षाको सूचना Manufacturing को परीक्षा समाप्त भए पश्चात प्रकाशित गरिनेछ ।

ई.पि.एस. कोरिया शाखा